# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मिति २०७९/०३/३१

वैठक संख्याः ०५

आज मिति २०७९/०३/३१ गते दिनको ११:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री तिल बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँ कार्यपालिकाको वैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णयहरु गरियो ।

**उपस्थितीः**

| **नामथर** | **पद** |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ६) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ७) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ९) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १०) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| ११) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| १२) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १४) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०३/३१** **वैठक संख्या ०५**

**प्रस्तावहरु:**

१. समिक्षा सम्बन्धमा
२. राजश्व सुधार योजना, क्षमता विकास योजना र लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति तर्जुमा प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
३. कानून स्वीकृत गर्ने सम्बन्धमा ।
   १) सुशासन नियमावली
   २) सार्वजनिक निजी साझेदारी नीति
   ३) औद्योगिक ग्राम सञ्चालन कार्यविधि
   ४) दिगो विकासका लक्ष्य स्थानीयकरण नीति
   ५) सेवा प्रवाह मापदण्ड
   ६) स्थानीय उत्पादन प्रवर्द्धन तथा बजारीकरण नीति
   ७) अन्तर सरकार समन्वय तथा साझेदारी कार्यविधि
   ८) कृषि तथा पशु सेवा सञ्चालन मापदण्ड
   ९) लैंगिक समानता तथा सामाजिक समावेशिकरण कार्यविधि
   १०) सार्वजनिक निर्माण गुणस्तर मापदण्ड
   ११) लेखा समिति सञ्चालन नियमावली
   १२) आन्तरिक नियन्त्रण कार्यविधि
   १३) लैंगिक हिंसा निवारण कोष सञ्चालन नियमावली
४. ठेक्का म्याद थप सम्बन्धमा ।
५. दररेट निर्धारण समितिमा सदस्य मनोनयन सम्बन्धमा ।
६. सडक सफाई तथा हेरालु सम्बन्धमा ।
७. योजना प्रगति तथा फरफारक सम्बन्धमा ।
८. भुक्तानी दिन बाँकी योजना र रकम सम्बन्धमा ।
९. सवारी साधनको भाडाको लागत अनुमान तयारी समिति गठन सम्बन्धमा ।
१०. कानून संशोधन सम्बन्धमा ।
   क) नगर प्रहरी नियमावली
   ख) अपाङ्ग परिचयपत्र वितरण सम्बन्धि कार्यविधी
११. करारमा कर्मचारी व्यवस्थापन तथा पदपूर्ति समिति सम्बन्धमा ।
१२. कृषि तथा पशुपंक्षि सेवा केन्द्र स्थापना सम्बन्धमा ।
१३. आर्थिक सहयोग सम्बन्धमा ।
१४. सडक निर्माणको भुक्तानी सम्बन्धमा ।
१५. करार कर्मचारीहरुलाई श्रावण १ देखि हाजिर नगराउने सम्बन्धमा ।
१६. म्यानुल प्रक्रिया मार्फत भुक्तानी सम्बन्धमा ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

लिल बहादुर थापा
अध्यक्ष

**निर्णयहरु:**

१. यस अघि वैठकबाट भएका निर्णयको कार्यान्वयन प्रगति लगायतका विषयमा समीक्षागरियो ।

२. यस गाउँपालिकाको राजश्व सुधार योजन, क्षमता विकास योजना र लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति स्वीकृत गरियो ।

३. तपसिल अनुसारका कानून तथा नीतिहरु स्वीकृत गरियो ।

१) सुशासन नियमावली
२) सार्वजनिक निजी साझेदारी नीति
३) औद्योगिक ग्राम सञ्चालन कार्यविधि
४) दिगो विकासका लक्ष्य स्थानीयकरण नीति
५) सेवा प्रवाह मापदण्ड
६) स्थानीय उत्पादन प्रवर्द्धन तथा बजारीकरण नीति
७) अन्तर सरकार समन्वय तथा साझेदारी कार्यविधि
८) कृषि तथा पशु सेवा सञ्चालन मापदण्ड
९) लैंगिक समानता तथा सामाजिक समावेशिकरण कार्यविधि
१०) सार्वजनिक निर्माण गुणस्तर मापदण्ड
११) लेखा समिति सञ्चालन नियमावली
१२) आन्तरिक नियन्त्रण कार्यविधि
१३) लैंगिक हिंसा निवारण कोष सञ्चालन नियमावली

४. निर्माण व्यवसायीले दिएको निवेदन, प्राविधिकबाट पेश भएको टिप्पणी तथा समयको अपुग भएको आदीको आधारमा तपसिल अनुसारका आयोजनाहरुको निर्माण व्यवसायीलाई जरिवाना नलगाउने र कार्यालयलाई पनि थप आर्थिक दायित्व नहुने गरी म्याद थप गर्ने निर्णय गरियो । साथै उक्त काम पुरा गर्न आवश्यक रकम सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

तपसिल:

| आयोजना | म्याद |
|---|---|
| १) क्वादी खानेपानी आयोजना | - ६ महिना |
| २) सिंच्याङ्ग सार्वाङ्ग सडक | - ६ महिना |

५. गाउँपालिकामा प्रत्येक आर्थिक वर्षको लागि निर्माण सामाग्री ढुवानी, मेशिन, उपकरणको भाडा, कामदारको ज्याला आदीको दररेट निर्धारण गर्न गठन हुने दररेट निर्धारण समितिमा वडा नं. ५ का वडा अध्यक्ष एवं कार्यपालिका सदस्य श्री पूर्ण बहादुर कुँवरलाई सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

६. यस अघिको कार्यपालिका वैठकबाट ७ (सात) जना सडक मर्मत तथा हेरालु राख्ने निर्णय भएकोमा १ (एक) जना थप गरी ८ (आठ) जना राख्ने निर्णय गरियो ।

७. योजना फरफारक समितिले फरफारक गरेको योजनाको र योजना अनुगमन समितिबाट अनुगमन भएका योजनाका प्रगतिका सम्बन्धमा जानकारी भयो । फरफारक भएका तर भुक्तानी हुन नसकेका योजनाको आगामी आ.व. मा भुक्तानी दिने निर्णय गरियो ।

८. यस आ.व. मा सम्पन्न भएका तर भुक्तानी दिन बाँकी रहेका योजना, कार्यक्रम तथा दायित्वलाई स्वीकृत गरियो । उक्त रकम आगामी आ.व. २०७९/०८० मा भुक्तानी दिने निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

९. देवघाट गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को दफा १४ बमोजिम भाडामा लिइने सवारी साधन, मेशिनरी औजार उपकरण वा मालसामानको भाडाको लागत अनुमान तयार गर्न देहाय अनुसार समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक | - संयोजक |
| अध्यक्षले तोकेको सवारी साधन मेशिनरी औजारको ज्ञान भएको विज्ञ | - सदस्य |
| खरिद अधिकारी | - सदस्य-सचिव |

जनशक्तिको पारिश्रमिक, वैठक भत्ता गाउँपालिकाबाट व्यहोरिनेछ ।

१०. तपसिल अनुसारका कानूनमा संशोधन स्वीकृत गरियो ।

१) नगर प्रहरी नियमावली २०७७ मा दोस्रो संशोधन नियमावली, २०७९

२) अपाङ्ग भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ मा प्रथम संशोधन नियमावली, २०७९

११. देवघाट गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५ को दफा ५ (ग) मा गाउँपालिकाको विषयगत शाखा प्रमुख-सदस्य भन्ने व्यवस्था भएको तर शाखा प्रमुख अधिकृत स्तरको नभएमा सो को सट्टा प्रशासन शाखा प्रमुख राख्ने निर्णय गरियो । साथै प्राविधिक बाहेकका अन्य कर्मचारी तथा जनशक्तिको पदपूर्ति गर्न सूचना प्रकाशन गरी अन्तर्वार्ता र आवश्यक भए प्राक्टिकल समेतबाट छनौट गर्न सोही दफा ५ अनुसारको समितिलाई अधिकार दिने निर्णय गरियो ।

१२. कृषि तथा पशुपंक्षी सम्बन्धि सेवालाई सहज एवं प्रभावकारी बनाउन तपसिल अनुसारको क्षेत्रमा कृषि सेवा केन्द्र र पशुपंक्षी सेवा केन्द्र स्थापना गरी सेवा प्रवाह गर्ने निर्णय गरियो ।

१) कृषि सेवा केन्द्र र पशुपंक्षी सेवा केन्द्र – छिपछिपे (वडा नं. १ र २ मा सेवा प्रवाह गर्न)

२) कृषि सेवा केन्द्र र पशुपंक्षी सेवा केन्द्र – काफलडाँडा (वडा नं. ४ मा सेवा प्रवाह गर्न)

३) कृषि सेवा केन्द्र र पशुपंक्षी सेवा केन्द्र – देवघाट (वडा नं. १ र ५ मा सेवा प्रवाह गर्न)

१३. वडा नं. २ का राम बहादुर परियारले मृगौला रोग तथा अन्य रोगको उपचार गराइरहेको अवस्था भएकोले रु. १५,०००/- (पन्ध्र हजार) राहत दिने निर्णय गरियो ।

१४. वडा नं. ४ सार्वाङ्ग काठेश्वारा सडक निर्माणको लागि इष्टिमेटमा कार्य सम्पन्नताको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

१५. यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत करारका सम्पुर्ण कर्मचारीहरुको करार सम्झौता २०७९ आषाढ मसान्तसम्म कायम रहेकोले आगामी आ.व. मा काम गराउनको लागि करार म्याद थप गराउनुपर्ने तथा प्रधानमन्त्री रोजकार कार्यक्रम, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम समन्वय इकाई र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको कर्मचारीको सेवा करारको व्यवस्थापन सम्बन्धको पत्र अनुसारका कर्मचारीको सेवा करार म्याद १ वर्ष थप गर्नु पर्ने विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी भयो । तर जनताबाट जनप्रतिनिधिहरुलाई प्राप्त मौखिक गुनासोको आधारमा करार कर्मचारीले करार सम्झौताको म्याद थप गरिनदिनको लागि दिएको निवेदन अनुसार कार्यालयबाट निर्णय गरी करार सम्झौता नभए सम्म २०७९ श्रावण १ गते देखि विभिन्न प्रकृति तथा श्रोतबाट तलव सुविधा पाउने सबै प्रकृतिका करार

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

कर्मचारीलाई हाजिर नगराउने निर्णय गरियो र सो निर्णय कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिइयो ।

१६. यहि आषाढ २५ गते राती १२:०० बजे देखि Sutra प्रणाली बन्द भई भुक्तानीको काम रोकिएको प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी भयो । यस सम्बन्धमा बुझ्दा २३, २४ र २५ गते Sutra को सर्भर अत्यन्त धिमा गतिमा मात्र चलेको पाइएकोले आषाढ २५ गते राती १२:०० बजेटसम्म कार्य गर्दा समेत समयभित्र प्राप्त हुन आएका भुक्तानीका फाईलहरु भुक्तानी गर्न नभ्याईएकोले काम पनि सम्पन्न भएको, उपभोक्ता समिति, निर्माण व्यवसायी तथा अन्य भुक्तानीको दायित्व सिर्जना भएका भुक्तानी योग्य बिल भरपाईको रकम भुक्तानी गर्न नसकिएकोले सेवाग्राहीहरुलाई मर्का पर्न गएको हुँदा भुक्तानीको लागि अनुरोध भएको अवस्था भएकोले आगामी दिनहरुमा तोकिएको दिनहरुमा नै भुक्तानी हुन सम्बन्धित पक्षहरुले समयमै पेश गर्ने र कार्यालयले पनि समय सिमा भित्र नै भुक्तानी गरिसक्ने व्यवस्था कार्यान्वयन गर्ने गरी कार्यपालिकाको दायित्व र जवाफदेहिता रहने गरी यस आ.व. मा भुक्तानी हुन बाँकी योजना, कार्यक्रम तथा अन्य दायित्वका भुक्तानी म्यानुअल भौचर र चेकबाट भुक्तानी गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो । सोही अनुसार गर्न निर्देशन दिइयो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष